मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

प्रहरी उपरीक्षक सानुराम पुरस्कृत: पृष्ठ २



◆ वर्ष : २६ ◆ अङ्क : ३१० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असोज २३ गते शनिवार (Saturday, October 9. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

## दशैंमा खाद्यान्न पाउँदा अपाङ्गता भएकाहरु दङ्ग

**बिर्तामोड, असोज २२।** झापामा कोरोना महामारीका कारण श्रम र मागिखाने अवस्था बन्द भएपछि समस्यामा परेका बिर्तामोड-७ र ८ का अपाङ्गता भएका ४२ परिवारले शुक्रबार राहत पाएका छन् ।

दशैंको बेला राहत पाउँदा अपाङ्गता भएकाहरुले औधिखुशी भएर दाताहरुलाई धन्यवाद दिए । शुक्रबार बिर्तामोड-५ निवासी व्यवसायी गोपाल मुखिया र बबिता राईले ४२ परिवारलाई खाद्यान्न बितरण गरेका हुन् ।

उद्योग बाणिज्य महासंघ प्रदेश नम्बर १का अध्यक्ष टीकाराज ढकाल, केन्द्रीय सदस्य तथा कार्यक्रम संयोजक कुमार भट्टराई, दाताहरु मुखिया र राईले संयुक्त रूपमा उनीहरुलाई चामल, तेल, दाल, नुन लगायतका सामग्री प्रदान गरेका हुन् ।



कार्यक्रम संयोजक भट्टराईका अनुसार बिर्तामोडका १० वटै वडाका दुई सय १६ जनाभन्दा बढी परिवारलाई दशैंको अवसरमा राहत बितरण गरिएको हो । नेपालीको महान चाड दशैंमा भोकै कोही बस्नु नपरोस् भनेर कार्यक्रम गरिएको संयोजक भट्टराईले बताए ।

कार्यक्रममा प्रमुख अतिथि महासंघका अध्यक्ष ढकाल, सदस्य भट्टराई, नेपाली कांग्रेसकी नेतृ पार्वता गिरी, बिर्तामोड अपाङ्गता स्वाबलम्बन संस्थाका अध्यक्ष दीपक थापा लगायतले शुभकामना दिएका थिए । वडा नम्बर ७ का अध्यक्ष चन्दकला पकुवालको अध्यक्षता रहेको कार्यक्रमको सञ्चालन हरि अधिकारीले गरेका थिए ।

कोरोना कहरका कारण झापामा लामो समय निषेधाज्ञा हुँदा अपाङ्गता भएका व्यक्ति समस्यामा परेको भन्दै संवाद समूहले झापाका सबै अपाङ्गता भएका व्यक्तिहरुलाई राहत वितरण गरेर सहयोग गरिदिन आव्हान गरेको थियो ।

## ८८ दिनमा पूर्णता

**काठमाडौँ, असोज २२।** राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा गत असार २९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधान बमोजिम प्रधानमन्त्रीको सिफारिसमा नियुक्ति, हेरफेर र कार्यविभाजन गरी मन्त्रिपरिषद् गठन गरेकी छन् ।

नयाँ गठित मन्त्रिपरिषद् अनुसार शेरबहादुर देउवा प्रधानमन्त्री, बालकृष्ण खाँण गृह, ज्ञानेन्द्रबहादुर कार्की सञ्चार तथा सूचना प्रविधि, पम्फा भुसाल ऊर्जा, जलस्रोत तथा सिञ्चाइ, राजेन्द्रप्रसाद श्रेष्ठ सङ्घीय मामिला तथा सामान्य प्रशासन, विरोध खतिवडा स्वास्थ्य तथा जनसङ्ख्या र जनार्दन शर्मा अर्थमन्त्री हुन् ।

त्यसैगरी डा. मीनेन्द्रप्रसाद रिजाल रक्षा, उमाकान्त चौधरी खानेपानी, डा. नारायण खड्का परराष्ट्र, रेणुकुमारी यादव भौतिक पूर्वाधार तथा यातायात, प्रेमबहादुर आले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, दिलेन्द्रप्रसाद बडू कानून, न्याय तथा संसदीय मामिला, देवेन्द्र पौडेल शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री नियुक्त भएका छन् ।



मन्त्रिपरिषद् विस्तार

त्यस्तै महेन्द्रराय यादव कृषि तथा पशुपन्छी विकास, उमा रेग्मी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, शशि श्रेष्ठ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, रामकुमारी झाँक्री शहरी विकास, गजेन्द्रबहादुर हमाल उद्योग, वाणिज्य तथा आपूर्ति, रामसहायप्रसाद यादव वन तथा वातावरण, कृष्णकुमार श्रेष्ठ श्रम, रोजगार

*(बाँकी अन्तिम पृष्ठमा)*

## दमकमा तास खेल्नेहरु पक्राउ

**झापा, असोज २२।** दमक नगरपालिका-१ बस्ने ३५ वर्षीय जीतेन राईको घरमा तास खेलिरहेको अवस्थामा सोही नगरपालिका-८ बस्ने ४६ वर्षीय पुष्पराज लिम्बू लगायत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

राईको घरमा जुवातास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उनीहरुलाई नगद ४० हजार रुपैयाँ र ३ बुक तासहित पक्राउ गरेको हो ।

उता भक्तपुर चाँगुनारायण नगरपालिका-४ खोरिया गाउँ बस्ने २१ वर्षीय ईश्वर तामाङको पुल हाउसमा तास खेलिरहेको अवस्थामा तामाङ लगायत १६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

उक्त पुल हाउसमा जुवातास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनीहरुलाई नगद ४१ हजार ३ सय ५० रुपैयाँ र १ बुक तासहित पक्राउ गरेको हो ।

## करणी गर्ने पक्राउ

**काठमाडौं, असोज २२।** २७ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा भक्तपुर सूर्यबिनायक नगरपालिका-९ नलिन्चोक बस्ने ३३ वर्षीय विजय महतोलाई प्रहरीले पक्राउ गरेको छ ।

असोज १९ गते सोही नगरपालिका-१० चित्तपोलस्थित रिसोर्टमा विजयले ती महिलालाई डर त्रास देखाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त जगातीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## कोभिशिल्ड लगाउनेमा ६३.३% र भेरोसेलमा ७२.४% एन्टीबडी

**काठमाडौँ, असोज २२।** कोरोना भाइरसविरुद्ध कोभिशिल्ड खोप लगाएका व्यक्तिमा ६३.३ प्रतिशत र भेरोसेल लगाएकामा ७२.४ प्रतिशतमा रोगप्रतिरोधात्मक क्षमता(एन्टीबडी) पाइएको छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले काठमाडौँ, ललितपुर, भक्तपुर जिल्लाका एक हजार ७९६ जनामा गरेको अनुसन्धानमा एन्टिबडी अध्ययन गर्दा कोभिशिल्ड लगाएकामा ६३.३ प्रतिशत र भेरोसेल लगाएकामा ७२.४ चार प्रतिशत एन्टीबडी बनेको पाइएको हो ।

परिषद्ले शुक्रवार आयोजना गरेको पत्रकार सम्मेलनमा वरिष्ठ अनुसन्धान अधिकृत डा. मेघनाथ धिमालले कोभिशिल्ड लगाएका व्यक्तिमा खोप लगाएको धेरै समयपछि मात्र अनुसन्धान गरिएकाले भेरोसेलभन्दा कम प्रतिशतमा एन्टिबडी देखिएको बताए । भेरोसेल लगाएका व्यक्तिमा खोप लगाउनेबित्तिकै एन्टिबडी परीक्षण गरिएकाले धेरै एन्टीबडी देखिएको हो- उनले भने- दुवै खोप उत्तिकै प्रभावकारी छन् ।

काठमाडौँ उपत्यकाका तीनै जिल्लामा गरिएको अनुसन्धानमा खोप लगाएका ६५ प्रतिशत व्यक्तिमामा एन्टीबडी देखिएको र खोप नलगाएका केही व्यक्तिमा पनि एन्टीबडी



देखिएको वरिष्ठ अनुसन्धान अधिकृत धिमालले जानकारी दिए । उनका अनुसार खोप नलगाएका व्यक्तिमा ४३.९ प्रतिशतमा एन्टिबडी देखिएको छ । यस्तै पहिलो मात्रा खोप लगाएकामध्ये ५५.१ प्रतिशतमा र पूर्ण मात्राको खोप लगाएकामध्ये ८२ प्रतिशतमा एन्टीबडी देखिएको छ ।

वरिष्ठ अनुसन्धान अधिकृत धिमालले खोप लगाएको ६० दिनसम्म एन्टीबडी देखिने र त्यसपछि क्रमशः एन्टीबडी घट्दै जानाका साथै केही व्यक्तिमा १५० दिनसम्म पनि एन्टिबडी देखिने बताए । अनुसन्धानकै क्रममा कोभिड-१९ को सङ्क्रमण पुष्टि नभएका व्यक्तिमा एन्टीबडी परीक्षण गर्दा ५९.८ प्रतिशत मात्र एन्टीबडी देखिएको छ ।

कार्यकारी प्रमुख डा. प्रदीप ज्ञवालीले कोभिड-१९ को सङ्क्रमण भई निको भएकामध्ये लक्षण नदेखिएका व्यक्तिको अनुपातमा जटिल लक्षण देखिएका व्यक्तिमा एन्टिबडी विकसित भएको बताए । खोप लगाएको दिनदेखि नमूना सङ्कलनको दिनसम्मलाई तुलना गरेर हेर्दा खोप लगाएको दोस्रो महिना पुगेकामा ८२.३३ प्रतिशत एन्टीबडी देखिएको छ । यस्तै चौथो महिनामा एन्टीबडी क्रमशः घटेर ४३.७५ प्रतिशत मात्रा एन्टीबडी देखिएको छ ।

यस्तै अनुसन्धानकै क्रममा दीर्घरोगीमध्ये एउटै मात्र दीर्घरोग भएका ७८.९, दुईटा दीर्घ रोग भएकामा ७१.६९ र तीन वटा दीर्घरोगी भएकामध्ये ४२.३ प्रतिशत एन्टिबडी देखिएको छ । कार्यकारी प्रमुख डा. ज्ञवालीले कोभिड-१९ विरुद्धको खोप नलगाएका तथा कोभिड-१९ को सङ्क्रमण पुष्टि नभएका ४६ प्रतिशत सहभागीमा पनि एन्टीबडी विकसित भएको देखिएकाले कोभिड-१९ समुदायस्तरमा फैलिएको हुनसक्ने बताए ।

अनुसन्धानलाई वैज्ञानिक बनाउने प्रयास गरिएको बताउँदै उनले खोप लगाएका व्यक्तिमा एन्टीबडी बढ्दै जाने बताए । काठमाडौँ विश्वविद्यालयको सहयोगमा गरिएको अध्ययनमा एक हजार २२७ पुरुष र ५७९ महिला सहभागी थिए । ५०.५ प्रतिशत

*(बाँकी अन्तिम पृष्ठमा)*

## कम मूल्यको प्रज्ञापनपत्र बनाई सामान भित्र्याइँदै

**काठमाडौं, असोज २२।** मुलुककै सबैभन्दा ठूलो भन्सार नाका, वीरगञ्जबाट यथार्थ भन्सार महशुलभन्दा कम मूल्याङ्कनको प्रज्ञापनपत्र बनाई विभिन्न सामान नेपाल भित्रिने गरेको तथ्य फेला परेको छ ।

व्यवसायी र भन्सार कर्मचारीको आपसी समझदारीमा सामग्रीको यकिन मूल्यभन्दा कम मूल्याङ्कनको प्रज्ञापनपत्र जारी गरी विभिन्न सामग्री नेपाल आउने गरेको तथ्य बाहिर आएको हो ।

पछिल्लोपटक भारतबाट आयात भएको मेसिनरी सामग्रीमा कम मूल्याङ्कनको प्रज्ञापनपत्र राखी यस्ता सामग्री नेपाल भित्र्याउन खोजिएको तथ्य फेला परेको छ । चक्लेटजन्य सामग्रीमा वीरगञ्ज भन्सार नाकाबाट सामग्रीको यथार्थ कम मूल्यांकनको प्रज्ञापनपत्र जारी गरी चक्लेट नेपाल भित्र्याइएको भन्दै प्रहरीले चक्लेट बोकेको ट्रक नियन्त्रणमा लिएर कारवाहीका लागी राजश्व अनुसन्धान कार्यालय पथलैया पठाएको छ ।

केही दिनअघि भारतबाट जगदम्बा अटो ग्रुप प्राइभेट लिमिटेडले भारतको चेन्नइस्थित टिभीएस कम्पनीबाट आयात गर्ने गरेका तीन चक्के टेम्पोको पार्टस् भनेर एकीकृत जाँच चौकी वीरगञ्जबाट भन्सार जाँचपास गराई चेसीस र इञ्जिनसहितका टेम्पोका विविध सामग्री आयात गरेको थियो । उक्त सामग्रीलाई भन्सारले तीनचक्के टेम्पोको पार्टस् भनेर लाग्ने भन्सार मूल्यभन्दा कम मूल्यांकङ्नको प्रज्ञापनपत्र राखी जाँचपास गराई इञ्जिनसहितका टेम्पोका विविध सामग्री आयात गर्न खोजेको सार्वजनिक भएपछि कार्यालयले यसबारे ढाकछोप गर्न जगदम्बा अटो ग्रुपसँग थप रु. १३ लाख ८० हजार राजश्व लिएर मात्र सामग्री छाडेको बताइएको छ ।

पहिलो चरणमा सामग्री जाँच गरी कम मूल्यांकनमा सामग्री छाड्न खोजेको बाहिर आएपछि पुनः जाँचका नाममा जगदम्बा अटो ग्रुपलाई कारबाहीस्वरुप जरिवाना गरिएको विषयले पनि कर्मचारी र व्यापारीबीच मिलोमतो भएको आरोप लागेको छ । उक्त कम्पनीले यसअगावै पनि यसरी कम मूल्यांकन गरी सामग्री लगेको हुनसक्ने र पछिल्लो चार वर्षभन्दा अघि यसरी सामग्री लगेको भए केही कारबाही गर्न नसकिने प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले बताए । यद्यपि यसबारे पछिल्ला चार वर्षयता जगदम्बा अटो ग्रुपले लगेका सामग्रीबारे थप अनुसन्धान गर्न सकिने प्रावधान रहेको प्रमुख भन्सार अधिकृत पौडेलले बताए ।

केही दिनअघि उक्त भन्सारबाट

*(बाँकी अन्तिम पृष्ठमा)*

## वन जोगाउन उपभोक्तालाई ग्यास सिलिण्डर

**अमित खम्बू**

**अर्जुनधारा, असोज २२।** झापाको अर्जुनधारा-२ स्थित शान्ति सामुदायिक वन उपभोक्ता समूहले विपन्न उपभोक्ताहरुलाई लक्षित गरी अघिल्लो वर्षदेखि शुरु गरेको निःशुल्क ग्यास सिलिन्डर वितरणको कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छ ।

दाउरा संकलन गर्ने क्रममा वनमा हुनसक्ने चोरी र वन विनाशको कार्यलाई नियन्त्रण गर्न र दाउराको अभावमा विपन्न उपभोक्ताहरुको चुल्हो निभ्न नदिने उद्देश्यले उक्त कार्यक्रमलाई निरन्तरता दिइएको अध्यक्ष तुलसीप्रसाद खतिवडाले बताए ।

अध्यक्ष खतिवडाका अनुसार गरिबी न्यूनीकरण कार्यक्रम अन्तर्गत अघिल्लो वर्ष ३६ जना र त्यसअघि एक सय जनालाई ग्यास सिलिन्डर प्रदान गरेको समूहले यस वर्ष सात लाख बराबर (ढुवानीसहित) को ग्यास सिलिन्डर दुई सय जनालाई उपलब्ध गराउने कार्यक्रम रहेको छ ।



समूहका अध्यक्ष खतिवडाको अध्यक्षतामा शुक्रबार कार्यालय परिसरमा आयोजित कार्यक्रममा विशेष अतिथिद्वय नगर सभा सदस्य राजेन्द्र वाग्ले र बेलटार खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष योगप्रसाद आचार्यले संयुक्तरुपमा ग्यास सिलिन्डर हस्तान्तरण गर्दै कार्यक्रमको उद्घाटन गरेका थिए ।

समूहबाट निःशुल्क ग्यास सिलिन्डर पाएपछि दंग देखिएका दुर्गा सुन्दासले दाउरा अभावमा लाथ्रा काट्ने भन्दा पनि ग्यासमा पकाएको खाना खाएर वनको विकासमा भूमिका खेल्ने प्रतिक्रिया दिए । त्यसैगरी दाउराको दुःख भइरहेको अवस्थामा समूहले प्रदान गरेको ग्यास सिलिण्डरका कारण वन जोगिनेमा अर्का उपभोक्ता पूर्ण रम्तेल पनि सहमत छन् । उनी भन्छन्- विपन्न उपभोक्ताहरुको लागि ल्याउने यस प्रकारको सुविधाहरु समूहले आगामी दिनमा पनि ल्याइरहोस् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

**चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।**

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाह्रो हुने भएकोले अन्य खानेकुरासंग तुलना मिलाएर उपभोग गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।



**भट्टीमा अलैंची सुकाइँदै** | भोजपुरको पोखरेमा आधुनिक भट्टीमा सुकाइँदै गरेको अलैंची । भोजपुरका अधिकांश भागमा अलैंचीको खेती हुने गरेको छ । पछिल्लो समय अलैंचीको मूल्यमा आएको गिरावटले भने किसानमा केही निराशा थपिएको छ ।
**तस्वीर : युवराज विष्ट/ रासस**

# ‘सहमतीय राजनीति आवश्यक’

**बिर्तामोड, असोज २२।** नेपाली कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले सहमतीय प्रणालीको राजनीति मुलुकको आवश्यकता भएको बताएका छन् !

नेपाली कांग्रेस बिर्तामोड नगरपालिका अन्तर्गत २ नं. वडाको आयोजनामा बिर्तामोडमा सम्पन्न शुभकामना आदानप्रदान एवम् चियापान कार्यक्रममा शुभकामना मन्तव्य राख्दै शिवाकोटीले १४औं महाधिवेशनमा देउमान थेबेलाई जिल्ला सभापति बनाउने भद्र सहमति १३औं महाधिवेशनमा भएको खुलासा समेत गरे ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका उनले १३औं महाधिवेशनमा सभापतिका दाबेदार उद्धब थापा र देउमान थेबेबीच सहमति कायम गरेर निर्बिरोध नेतृत्व चयन गर्न १४औं महाधिवेशनमा थेबेलाई सभापति बनाउने सहमति भएको बताए । सहमतिको कागजमा थेबेका तर्फबाट बिश्वप्रकाश शर्मा, केशबकुमार बुढाथोकी, नरेन्द्रबिक्रम नेम्बाङ, गोपाल बुढाथोकी र उद्धब थापाका तर्फबाट आफू र डिल्लीप्रसाद सिटौलाले लिखित हस्ताक्षर गरेको शिवाकोटीले बताए ।

कार्यक्रमका विशेष अतिथि एवम् नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले एकता, मेलमिलाप र सहकार्यबाट मात्र संगठन बलियो हुने बताए ! एमालेको अत्याचारका बिरुद्ध कांग्रेस कार्यकर्ता एकजुट भएर लड्नु अहिलेको आवश्यकता भएको उनको भनाइ थियो ।

२ नम्बर वडा सभापति देबी खरेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य गोपालकुमार बस्नेत, देउमान थेबे, पार्वता गिरी, २ नं. क्षेत्रीय सभापति खगेन्द्र मैनाली लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा बद्री भट्टराईले स्वागत र चित्रकला ओलीले सञ्चालन गरेका थिए ।

कांग्रेसको १४औं महाधिवेशनको संघारमा जिल्लाका १३१ वटै वडाहरुमा आयोजित चियापान र शुभकामना आदान प्रदान कार्यक्रममा पार्टीका विभिन्न तहका उम्मेदवारहरु आ-आफ्नो मत माग्दै कार्यकर्ताको माझमा पुगिरहेको नेपाली कांग्रेस झापा जिल्ला प्रचार विभाग प्रमुख कृष्ण हुमागाँईले बताए ।



# कांग्रेस देशका निम्ति अत्यावश्यकः शर्मा




**गौरादह, असोज २२।** नेपाली कांग्रेसका प्रबक्ता तथा कांग्रेसको आसन्न १४औं महाधिवेशनमा आफूलाई पार्टीको महामन्त्री पदमा उभ्याएका प्रभावशाली युबानेता तथा प्रखर बक्ता बिश्वप्रकाश शर्माले कार्यकर्ता तथा जनतामाझ कांग्रेस पार्टी देशका निम्ति एकमात्र महत्वपूर्ण र अत्यावश्यक राजनीतिक पार्टी रहेको बताएका छन् ।

नेपाली कांग्रेस गौरादह नगरपालिका वडा न ३ को पार्टी कार्यालय समुद्घाटन तथा नेपालीहरुको महान पर्व बिजयादशमीको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उनले कार्यकर्ता माझ उक्त कुरा बताएका हुन् ।

नेपाली कांग्रेस पार्टी देशको अभिभावक भएकोले जसरी एउटा घरमा अभिभावकको महत्व हुन्छ त्यसरी नै महत्व देशका लागि कांग्रेस पार्टी महत्वको रहेको प्रवक्ता शर्माले बताए ।

एक अर्को प्रसंगमा निर्बाचन र संघर्षबाट प्राप्त भएका विषयबस्तुहरु नितान्त फरक हुने भन्दै उनले हरेक देशमा, पन्ध्र-बीस बर्षमा दलहरुबीचमा द्वन्द्व हुने, राजनीतिक नेतृत्वले अयोग्यता राख्ने र त्यसको परिणाममा द्वन्द्व सिर्जना हुने गरेको बताए ।

राजनीतिबाट निराश भएको व्यक्तिलाई बिनम्रतापूर्वक यो देशमा केही अबश्य भएको छ र धेरै कुरा गर्न बाँकी रहेको बुझाउन जरुरी भएको शर्माको भनाइ थियो । हिंसा र द्वन्द्वको अन्त्य गरी अहिलेको अवस्थामा आइपुगेको भन्दै प्रवक्ता शर्माले समृद्धिका लागि धेरै कुरा पूरा गर्न बाँकी रहेकोले देश बनाउने भिजन कांग्रेससँग मात्र भएको दावी गरे ।

# शिखरको ११औं स्थापना दिवस




**झापा, असोज २२।** शिखर बचत तथा ऋण सहकारी संस्थाले ११औं स्थापना दिवस राजगढ सेवा केन्द्रमा सरकारी विद्यालयमा अध्ययनरत् विपन्न परिवारका बालबालिकालाई नयाँ लुगा वितरण गरेको छ ।

संस्थाका सदस्यबाट केक काटेर शुरुवात गरिएको कार्यक्रममा राजगढ सेवा केन्द्रमा १०० बालबालिकालाई नयाँ लुगा वितरण गरिएको थियो । संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत स्थापना दिवसको अवसरमा नयाँ लुगा वितरण गरेको संस्थाका अध्यक्ष दीपेन्द्र राउतले बताए ।

२०६७ साल असोज २२ गते औपचारिक उद्घाटन गरी शुरुवात गरिएको शिखर साकोस बिर्तामोडमा मुख्य कार्यालय रहेर राजगढ र गरामनीमा सेवाकेन्द्र सञ्चालनमा रहेको छ । सेवामा उत्कृष्ट रहने उद्देश्यले सेवारत् रहेको संस्थामा ७ हजार ८ सय ४५ जना शेयर सदस्य र १३ सय २० जना ऋणी रहेका छन् । ५ करोड ४४ लाख ७४ हजार ७ सय शेयर पुँजी रहेको यस संस्थाले ७० करोड बचत तथा ६९ करोड ऋण लगानी गरेको बताइएको छ । लक्ष्मी पूजाबाट आफ्नै भवनबाट सेवा शुरु गरिने सञ्चालक किरण पौडेलले बताए ।

# मलेसियामा बेरोजगारी दर घट्यो

**मलेशिया, असोज २२।** मलेसियामा गत अगस्ट महिनामा बेरोजगारी दर घटेको छ । गत जुलाईमा बेरोजगारी दर ४.८ प्रतिशत रहेकोमा अहिले अगस्टमा घटेर ४.६ प्रतिशत पुगेको अधिकारीहरुले जनाएका छन् ।

उनीहरुले शुक्रबार सार्वजनिक गरेको विवरण अनुसार पछिल्लो समयमा आर्थिक गतिविधि बढ्न थालेकाले बेरोजगारी दर घटेको हो ।

कोरोनाभाइरसको महामारीका कारण न्युन हुदै गएको आर्थिक गतिविधि पछिल्लो समय बढ्दै गएको छ, त्यसैले बेरोजगारी दर घटेको हो- एक अधिकारीले भने । मलेसियामा खोप लगाउन योग्यमध्ये झण्डै ८८ प्रतिशतले खोप लगाएकाले पनि महामारी कम हुँदै गएको र आर्थिक गतिविधि बढी हुँदै गएको हो ।

महामारी न्यूनीकरण भएको सकारात्मक अवस्थाले अर्थतन्त्रमा पनि सकारात्मक नतिजा दिएको हो- एक अधिकारीको भनाइ छ ।

## ८८ दिनमा ...

तथा सामाजिक सुरक्षा, महेश्वरजंग गहतराज युवा तथा खेलकुदमन्त्रीमा नियुक्त भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

उमेश श्रेष्ठ राज्यमन्त्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भवानीप्रसाद खापुङ राज्यमन्त्री स्वास्थ्य तथा जनसङ्ख्या, बोधमायाकुमारी यादव राज्यमन्त्री शिक्षा, विज्ञान तथा प्रविधि नियुक्त भएको राष्ट्रपतिको कार्यालयद्वारा शुक्रवार जारी विज्ञप्तिमा उल्लेख छ ।

# श्रीमतीको हत्या गर्ने पक्राउ

**काठमाडौं, असोज २२।** आफ्नै श्रीमती ३२ वर्षीया सुशीला राईको हत्या गरेको अभियोगमा नुवाकोट लिखु गाउँपालिका-४ चौघडा रानिबास बस्ने ३५ वर्षीय राजकुमार राईलाई प्रहरीले पक्राउ गरेको छ ।

राजकुमारले घरायसी विवादको कारण सुशीलालाई खुकुरी प्रहार गर्दा गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय ढिकुरेबाट खटिएको प्रहरीले घाइतेलाई उपचारका लागि जिल्ला अस्पताल त्रिशुलीमा पठाइएकोमा उपचारको क्रममा सुशीलाको मृत्यु भएको हो ।

## कम ...

मालवाहक ट्रकमा विभिन्न किसिमका चक्लेट समेत यथार्थ मूल्यभन्दा कम मूल्यांकनको प्रज्ञापनपत्र राखी नेपाल भित्रिएको भन्दै प्रहरीको टोलीले एउटा भारतीय ट्रकलाई नियन्त्रणमा लिएर राजस्व विभाग पथलैया पठाएको छ । लाग्ने दरभन्दा कम मूल्यांकन गरी भन्सार छली नेपाल भित्र्याइएको करिब रु. ७३ लाख बराबरको चक्लेट र भारतीय ट्रक नियन्त्रणमा लिई राजश्व कार्यालय पठाइएको प्रहरीले जनाएको छ ।

ट्रकमा लोड रहेका सामानको तौल र मोल फरक पारी ब्राण्ड उल्लेख नगरी भन्सार कर्मचारीसँग मिली सुगर ललिपपका नाममा कम मूल्यांकनको प्रज्ञापनपत्र बनाई बिना अनलाइन बिल ( भिसीटिएस) खुशी बच्चा नामक भारतीय चक्लेट बरामद गरी राजश्व कार्यालयलाई बुझाइएको प्रमुख प्रहरी उपरीक्षक वेलबहादुर पाण्डेले जानकारी दिए ।

उक्त चक्लेटबारे एकीकृत जाँचचौकीका भन्सार अधिकृत (जाँचकी) रमेश सुकमनीले ठूलो ट्रक भएका कारण सबै चक्लेट हेर्न नसकिएको तर सबै नियमानुसार चक्लेटको राजश्व लिइएको बताए । प्रहरीले सो क्रममा ट्रक र चालक भारत मध्यप्रदेश ग्वालियर बानमौर थाना वडा नं. १४ बस्ने वर्ष ३३का जबर सिंहलाई नियन्त्रणमा लिएको थियो । प्रहरीले सामान तथा ट्रकको रु. ७३ लाख मूल्यांकन गरी आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालयमा बुझाएको जनाएको छ ।

प्रहरीले नियमविपरीत कम मूल्यांकनको प्रज्ञापनपत्र बनाई अनलाइन बिलबिना चक्लेट नेपाल भित्रिएको भन्दै पक्राउ गरी आवश्यक कारबाहीका लागि राजस्व कार्यालय पठाएको छ । भन्सारमा कार्यरत कर्मचारीले नियमानुसार मूल्यांकन गरिएको दाबी गरेका छन् । यसबारे राजश्व अनुसन्धान कार्यालय पथलैया, बाराका सूचना अधिकारी गौरव पन्थीले उक्त गाडीको अनलाइन बिल नरहेकाले नियमानुसार कारबाही हुने र यसबारे थप अनुसन्धानका लागि भन्सार कार्यालयबाट थप कागजपत्र माग गरिएको जानकारी दिए ।

भन्सार प्रशासक विश्वप्रसाद अर्यालले प्रहरीले बरामद गरेको चक्लेटबारे अनलाइन बिल भन्सार कार्यालय अन्तर्गतको जाँचचौकीको काम नभएकाले सोको दोषी स्वयम् आयात कम्पनी रहेको र जगदम्बा अटो ग्रुपले भित्र्याएका चेसिस र इञ्जिनसहितको टेम्पोका सामग्रीको पुनः मूल्यांकन गरी दोषी पाइएकाले कारबाहीस्वरुप ग्रुपलाई जरिवाना गरिएको बताए ।

## कोभिशिल्ड...

औसत उमेरका व्यक्तिमा गरिएको अध्ययनमा १५.४ प्रतिशत सहभागीमा सङ्क्रमण देखिएको थियो । कूल खोप लगाएकामध्ये ८५.२ प्रतिशतले कोभिशिल्ड, १४.५ प्रतिशतले भेरोसेल, अन्य खोप लगाएका ०.२ प्रतिशत थिए । खोप लगाएका १५ दिनदेखि १५० दिनसम्मका व्यक्ति अध्ययनमा सहभागी थिए ।

## वन ...

समूहले सञ्चालन गरेको यस किसिमको कार्यक्रमबाट सुविधा लिएपछि वन संरक्षणमा लाग्नुपर्ने र दाउराको विकल्पमा अरु कुरा पनि प्रयोग गर्न सकिन्छ भनेर समाजमा राम्रो सन्देश गएको विशेष अतिथि वाग्लेले बताए । उनले स्थानीय सरकारले गर्नुपर्ने कार्य सामुदायिक वनले गरेको हुँदा आगामी दिनमा स्थानीय सरकारसँगको साझेदारीमा दुवै संस्थाले विपन्न उपभोक्ता र वनको संरक्षणको लागि यस किसिमको कार्य गर्न सके अति उत्तम हुने बताए ।

समूहले पहिलो चरणमा समूहको कार्यालय परिसरमा ७८ जनालाई र दोस्रो चरणमा स्थानीय सरस्वती प्राथमिक विद्यालयको प्राङ्गणमा एक सय २२ जनालाई सिलिन्डर ग्यास वितरण गर्ने कार्यसूची रहेको समूहकी उपाध्यक्ष मञ्जिला गौतमले जानकारी दिइन् ।

उपाध्यक्ष गौतमले स्वागत गरेको कार्यक्रममा औचित्यमाथि अध्यक्ष खतिवडाले प्रकाश पारेका थिए । कार्यक्रमको सञ्चालन सहसचिव प्रेम उपरकोटीले गरेका थिए ।


## साधारणसभा स्थगित गरिएको सूचना

यस मातृ भाग्यरेखा बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७८ असोज २३ गते शनिवार हुने भनिएको दशौं बार्षिक साधारणसभा विशेष कारणवस अर्को सूचना प्रकाशित नहुञ्जेलसम्मको लागि स्थगित गरिएको सम्पूर्ण शेयर सदस्यहरुलाई यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**मातृ भाग्यरेखा बचत तथा ऋण सहकारी संस्था लि.**, बिर्तामोड-१, झापा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७८।६।२३ | ११ केभी कन्काई फिडर | कनकाई नगरपालिका वडा नं. १ देखि ७सम्म, झापा गा.पा.का सम्पूर्ण क्षेत्रहरु । | विहान ७:०० बजेदेखि ११ बजेसम्म | विद्युतीय लाइन आसपासका रुखका हांगाविगा काट्ने कार्य गर्नुपर्ने । | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**

## बिर्तामोड नगरपालिका-५ बस्ने रोमन घिमिरेको नाममा जारी गरिएको १५ दिने सूचना

बिर्तामोड नगरपालिका वडा नं. ५ बस्ने चन्द्रप्रसाद बजगाईको मिति २०७८।०६।०५ गतेका दिन यस कार्यालयमा पेश गरेको माग निवेदन बमोजिम बिर्तामोड नगरपालिका वडा नं. ५मा रहेको निज निवेदकको नाममा दर्ता कायम रहेको साविक अनारमनी-३ हाल बिर्तामोड-५मा पर्ने कि.नं. ३७को ज.व. ४३३.६३ जग्गामा बनेको दुई तल्ला पक्की घरको पहिलो तल्लामा मिति २०७५ साल बैशाखदेखि मासिक भाडा रु. ३५०० (तीन हजार पाँच सय मात्र) मा बस्दै आएकोमा मिति २०७६ जेठ महिनादेखि घर भाडा नतिरी सम्पर्कविहीन भएको हुँदा यो सूचना पत्र प्रकाशित भएको मितिले १५ दिनभित्रमा सम्पर्कमा आई निज घर धनी चन्द्रप्रसाद बजगाईलाई शर्त बमोजिमको भाडा भुक्तानी गरी घर खाली गरिदिनुहुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
**५ नं वडा कार्यालय, बिर्तामोड, झापा**

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

आधुनिक भ्याकुम सिस्टम भएको प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्याक्टीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्कः
९८०८००५२०६/९८७३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।




सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## कर्मचारी आवश्यकता


कम्पनी ड्राइभर-१ जना
सेल्स मेनः ४ जना
अनुभवीलाई प्राथमिकता

सम्पर्कः कञ्चनजंघा हस्पिटल इस्युमेन्ट प्रा.लि.
बिर्तामोड, महानन्दचौक
९८०१४२४०१८, ९८०१४२४०१४
kanchanjungahpq@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता/गजल

## हिँड्दाहिँड्दै



निरुपा प्रसून

बतासको लौरी टेक्दै
ठाडो उकालीमा दुबैको हत्केलालाई लक गरेर
भञ्ज्याङको चौतारीसम्म पुगौँ
विश्राम गराऊ
शितल पीपलको बोटको छाहारीमा दुवैलाई
चराको सुमधुर गीत सुनौँ
बतासले छोएर गएका पीपलपातका नृत्य हेरौँ
एक-एक गिलास पवनपान गरेर
हिडौँ फेरि अर्को प्रेमिल यात्रा

पसिनाको स्खलनपछि
ढुङ्गेधारामा मुख जोडेर पानी पिऔँ
हिँडदैहिँडदै हामी पुग्नेछौँ
घना जङ्गलको माझमा
दुबोको कार्पेटमा मलाई विराजमान गराएर
तिमी सिउरीदिनु गुराँस मेरो मखमली केशमा
चुत्रोको लालीले रङ्गाइदिनु मेरो ओठ
केतुको पातमा लेखिदिनु
मेरो र तिम्रो नाम एन प्लस...

हिँड्दाहिँड्दै
हामी पुग्नेछौँ
क्षितिजको स्वर्गद्वारमा
त्यहाँबाट दुश्यपान गरौँ
बादलको सेतो ताल
मनको डुङ्गालाई खियाउँदै
जाऊ स्वप्निल रुमानी देशको नागरिकता लिन !


## गजल

राजा चाहिएको छ, हामीले मान्ने रानी चाहिएको छ
हुकुम पाई जीवन धान्ने बानी चाहिएको छ ।
युगयुगै अवतार आउँछन् ढोगेको ढोग्यै छौँ
भगवान् जस्तै आस्था पेल्ने घानी चाहिएको छ ।
भगवान् खोज्न त्यत्रो साधना र चिन्तन किन ?

शक्तिमा नै भक्ति रसाउने पानी चाहिएको छ ।
तिम्रो विवेक किन चाहियो र कठपुतली हुन ?
सच्चा भक्तिको मन अड्याउने मानी चाहिएको छ ।
धर्मग्रन्थमा चमत्कारका कथा के नै पो हुन् र !
भक्तलाई नै द्रव्य निकाल्ने खानि चाहिएको छ ।

– नवीन पौड्याल

# बितेका समयका दृष्य देखाउने नौलो यन्त्र





भुवन तामाङ

बाल कथा

सानी बालिका 'रीता' निकै उत्साहित मुडमा भन्छिन्- 'संसारमा असम्भव भन्ने केही छैन । केबल मानिसहरुले त्यस्तो प्रविधि आविष्कार गर्न नजानेका मात्र हुन् । जब घटना घट्छ भने त्यो घटना थाह नपाउने कसरी हुन्छ ? कुनै पनि घटना दृष्य हो भने त्यो दृष्य कुनै न कुनै प्रकारले सेभ या रेकर्ड भइसकेको हुन्छ । त्यही दृष्य पछ्याउने, देख्ने र देखाउने यन्त्र हामीले आविष्कार गर्न नसकेको मात्र हो । यदि यस्तो यन्त्र बन्दो हो त कुनै पनि बितेका समयका कुनै पनि घटनाका दृष्यलाई आवाजसहित छर्लङ्ग देखाइदिन सक्छ ।'

'आजको आवश्यकता भनेको यही हो, तर यस्तो यन्त्र बनाउने कसले त ? आजसम्म बितेका समयका घटना या दृष्य देखाउने यन्त्र नबनेकै कारण कैयन घटना लुकिरहेका छन् । अपराधका घटनाहरु पत्ता लगाउन गाह्रो परिरहेका छन् ।' अनुसन्धानका क्षेत्रमा काम गर्ने रीताका बाबु निराशा व्यक्त गर्दछन् । यतिकैमा रीताका आमा भन्छिन्- 'अनि सीसी टिभि क्यामेरा भन्ने यन्त्रले चाहिँ बितेका समयका घटना या दृष्य देखाउने होइन र ? त्यस बाहेक आजभोलि त हरेक मानिसहरुले मोबाइल सेट बोकेका हुन्छन् । कसैल न कसैले त घटनाका दृष्य खिचेका हुन सक्छन् । त्यसैले आजकाल बितेका समयका दृष्य हेर्न निकै हदसम्म सजिलो भएको छ । जसले गर्दा अपराध अनुसन्धान पनि सहज र सटिक बन्दै गएका होलान् ।' रीताका बाबु भन्छन्- 'तर सीसी टिभि क्यामेराले खिचेका दृष्यहरु निश्चित अवधिका मात्र लागि हुन्छन् । यो यन्त्र जडान गरिएभन्दा अलि टाढा दूरीमा घटेका घटना राम्ररी देख्न सकिन्न र यो यन्त्र जतातत‍ै जडान गर्न सकिँदैन पनि । यो यन्त्र सीमित क्षमताको हुन्छ ।'

सम्वाद सुनिरहेकी बालिका रीता भन्छिन्- 'मैलेअघि नै भनि सकेँ त ।' रीताका बाबु सोध्छन्- 'तिमीले के पो भन्यौ ?' बाबुलाई उत्तर दिने क्रममा रीता भन्छिन्- 'कुनै पनि घटना दृष्य हो भने त्यो दृष्य कुनै न कुनै प्रकारले सेभ या रेकर्ड भइसकेको हुन्छ ।' बीचैमा रीताको बाबु सोध्छन्- 'कहाँ सेभ भएको हुन्छ त त्यस्ता दृष्य छोरी ?' रीता भन्छिन्- 'वातावरणमा या स्पेसमा या हाम्रै वरिपरी सेभ भएका हुन्छन् ती दृष्यहरु । दृष्यहरु मात्र होइन आवाजहरु पनि यहीँ कतै रेकर्ड भएका हुन्छन् । हो तिनै दृष्य र आवाज क्याप्चर गरेर जस्ताको तस्तै देखाउन र सुनाउन सक्ने यन्त्रको आविष्कार हुन बाँकी छ ।'

छोरीको विचारलाई सपोर्ट गर्दै रीताकी आमा भन्छिन्- 'छोरीले भनेको कुरा मलाई ठीकै लाग्यो है । छोरीले भने जस्तै संसारमा असम्भव भन्ने कुरा केही छैन । बन्न सक्छ यस्ता मेशिनहरु भविष्यमा ।' रीताका बाबु भन्छन्- 'सम्भव भए त बनाइसक्थे नि वैज्ञानिकहरुले । अब यस्तो यन्त्र बनोस् कि, केही र कसैले पनि नदेखेको सुनसान ठाउँमा घटेको घटना पनि देखाउन सकोस, आवाज सुनाउन सकोस् । त्यसपछि त कुनै पनि घटना लुक्न सक्दैन । जो कोहीलाई छर्लङ्ग देखाइदिनेछ त्यस यन्त्रले । तर, यस्तो यन्त्र कसैले बनाउला भनेर म चाहिँ पत्याउँदिन ।'

बाबुको तर्क सुनिरहेकी रीता बसेको ठाउँबाट जुरुक्क उठेर भन्छिन्- 'म बनाउँछु त्यस्तो यन्त्र ।' रीताको कुरा सुनेर उनका अभिभावक गलल हाँस्छन् र भन्छन्- 'इस् बनाउन सक्छयौ । कस्ता कस्ता वैज्ञानिकले त बनाउन सकेका छैनन् ।' तर, रीता आत्मविश्वासका साथ भन्छिन्- 'बनाउन सक्छु र बनाएरै छाड्छु त्यो यन्त्र ।'

रीताको कुरा पत्याएनन् आमाबाबुले र आ-आफ्ना काममा लाग्छन् । रीता हेरेको हेरेइ हुन्छिन् । तर उनी मनमा अठोट लिन्छिन् कि, 'म त्यस्तो यन्त्र अवश्य बनाउँछु । जुन यन्त्र आजको जटिल युगका लागि निकै आवश्यक छ ।'

रीता आफ्नो पढाइलाई जारी राख्दै उनले बनाउने अठोट गरेको यन्त्र बनाउन अध्ययन गर्न थाल्दछिन् । खाली रहेका घरका कोठाहरुलाई प्रयोगशाला बनाउँछिन् । प्रयोगशालामा इन्टिग्रेटेड सर्किट, इलेक्ट्रोनिक्स सामान र क्यामेराहरु भेला पार्छिन् र यन्त्र बनाउन थाल्छिन् । यन्त्र सञ्चालन गर्न कम्प्युटरमा प्रोग्राम डेभलप गर्छिन् । प्रयोगशाला देखेर उनका आमाबाबु छक्क पर्दछन् । मानौ आफ्नी छोरीले रकेट बनाउँदै छिन् ।

एकदिन रीता खुशीले चिच्याउँदै आमाबाबु भएठाउँमा पुग्छिन् र भन्छिन्- 'मैले बनाइसकेँ यन्त्र । त्यसले अब सबै घटना हुबहु आवाजसहित देखाइदिन्छ ।' रीताका आमाबाबु पनि खुशी हुँदै यन्त्र हेर्न प्रयोगशाला छिर्छन् । रीताकी आमा आफ्ना श्रीमान्लाई भन्छिन्- 'देख्नुभयो त हाम्री छोरीले तपाईले खोजेको यन्त्र बनाइन् ।' रीताका बाबु जिज्ञासा राख्छन्, 'लौ छोरी कुनै घटना देखाइदेउ त । अनि चाहिँ पत्याउँला ।'

रीता भिडियो क्यामेरा उनका बाबुतिर सोझ्याउँछिन् । भिडियो क्यामेरा प्रोग्राम डेभलप गरेको कम्प्युटरमा जोड्छिन् र कम्प्युटर उनले आविष्कार गरेको यन्त्रमा जोड्छिन् । अनि कुन मितिदेखिको घटना हेर्न खोजेको हो त्यो मिति तोक्छिन् र ती तीन वटै प्रविधिहरु सञ्चालन गर्छिन् । यन्त्रले आश्चर्य जनकरुपमा काम गर्न थाल्छ । शुरुमा उनीहरुबीच भएको यन्त्र सम्बन्धी कुराकानी सहित यन्त्र बनिसक्दासम्मका दृष्यहरु सो नवनिर्मित यन्त्रले आवाजसहित देखाइदिन्छ । रीताका बाबु खुशीले बुरुक्क गर्दै भन्छन्- 'अब चाहिँ भने अनुसन्धान कार्यमा क्रान्ति आउने भो । विगतमा घटेका कुनै पनि समयका घटनाका दृष्य आवाजसहित देखाइदिन सक्ने रहेछ यस यन्त्रले । यस यन्त्रले राजदरवार घटना पनि देखाउन सक्छ होइन त छोरी ?'

रीता भन्छिन्- 'अबश्य, यसले दश वर्षे द्वन्द्व या जनयुद्ध पनि देखाइदिन सक्छ, कोतपर्व लगायतका इतिहासका सबै घटना देखाइदिन सक्छ । अंशु बर्मा, भृकुटी कस्ता थिए त्यो पनि देखाइदिन सक्छ । अमेरीकाको टुइन टावर ढाल्ने योजना कसरी बनाइयो त्यो पनि देखाइदिन सक्छ । डाइनोसोरस कस्ता थिए देखाइदिनसक्छ । मानवहरु कसरी उत्पति भए जस्ता सबै घटना देखाइदिन सक्छ । यस यन्त्रलाई अन गरेर छाडिदिए पृथ्वी, सौर्य मण्डल र ब्रह्माण्ड कसरी निर्माण भयो ? सबै दृष्य आवाजसहित देखाइदिन सक्छ । यो यन्त्र कुनै पनि गतिमा काम गर्न सक्छ । यो यन्त्र अनलिमिटेड र उच्च क्षमतायुक्त प्रविधिको छ । यस यन्त्रले घटनासँग सम्बन्धित कुनै भौतिक वस्तु या घटना भएको ठाउँ एकपटक देखेपछि वातावरणमा सेभ भएका पुराना दृष्य र आवाज पछ्याउँछ अनि स्क्रिनमा जस्ताको तस्तै सरर देखाउँदै जान्छ ।'

रीताको आविष्कारबारे सनसनीपूर्ण तरिकाले खबर यत्रतत्र पुग्दछ । देश-विदेशका विज्ञ र वैज्ञानिकहरु रीताको यन्त्र हेर्न आउँछन् । रीता काठमाडौंको बसन्तपुर दरवार परिसरमा डेमो आयोजना गर्दछिन् । रीता क्यामेराको लेन्स कोत पर्व घटना घटेको ठाउँलाई केन्द्रित गरेर क्यामेरा अन गर्दछिन् । त्यसपछि कम्प्युटर अन गर्दछिन् अनि उनले निर्माण गरेको यन्त्रको सुइच अन गर्दछिन् र मिति मिलाउँछिन् । कम्प्युटरको मनिटरमा कोतपर्वको घटनाका दृष्यहरु आवाजसहित क्रमशः देखिन्छन् । बश के चाहियो र उपस्थित सबै खुशीले चिच्याउँछन् र भन्छन्- 'यी नेपाली सानी नानीले युगान्तकारी आविष्कार गरिन् ।' -कतिपय भन्छन्- 'अब पुनः सत्ययुग आउने भयो ।'

यसैबीच रीता भन्छिन्- 'कुनै पनि आविष्कारको सकारात्मक पक्ष त हुन्छन् नै । तर नकारात्मक पक्ष पनि हुन्छन् । यस यन्त्र मानव जाति लगायत सबैको हितको लागि मात्र उपयोग गरियोस्, मेरो भन्नु यत्ति हो ।' भन्दै यन्त्र बन्द गर्दछिन् ।

# प्रहरी उपरीक्षक सानुराम पुरस्कृत

**बिर्तामोड, असोज २२।** झापामा रहेर शान्ति सुरक्षा कायम गर्न सफल भएको भन्दै प्रदेश प्रहरी कार्यालयमा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक सानुराम भट्टराई पुरस्कृत भएका छन् ।

विगत नौ महिनादेखि झापाको नेतृत्व सम्हालेका भट्टराई आफूले प्राप्त गरेको जिम्मेवारी त्रुटीरहित तरिकाले सम्पादन गर्नुका साथै अवैध लागूऔषध, अपराधमा सम्लग्न व्यक्ति, फरार अभियुक्तलाई नियन्त्रणमा लिई कानूनी दायरामा ल्याउने कार्यमा उत्कृष्ट काम गरेको भन्दै ६६औँ प्रहरी दिवस २०७८ को अवसरमा प्रदेश नं. १, प्रहरी कार्यालय विराटनगरबाट पुरस्कृत भएका हुन् ।

यसैबीच आफूलाई दिएको जिम्मेवारी त्रुटीरहित तरिकाले सम्पादन गर्नुका साथै विभागीय मूल्य-मान्यता अनुरुप आदेश निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तरिकाले उच्च मनोवल र साहसका साथ अपराध अनुसन्धान, फैसला कार्यान्वय र प्रसाशनिक काम कारवाही उत्कृष्ट तरिकाले सम्पादन गरी शान्ति-सुरक्षा, अमन-चयन कायम राख्ने कार्य र महाभारी कोभिड-



१९ को रोकथाम र नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भनी प्रहरी दिवस कै अवसरमा जिल्ला प्रहरी कार्यालय झापाले इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव उपरीक्षक नवराज कार्की र इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक सन्तोष आचार्यलाई पुरस्कृत गरेको छ ।

प्रहरी उपरीक्षक सानुराम भट्टराईको अध्यक्षता, निमित्त प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीको प्रमुख आतिथ्य, जिल्लास्थित अन्य सुरक्षा निकाय प्रमुख, पूर्व प्रहरी संगठनका पदाधिकारी, अमर प्रहरी परिवारजन, प्रहरी कार्यमा सहयोग गर्ने संघ संस्था एवम् शैक्षिक संघ-संस्था प्रमुख, पूर्व प्रहरी, रेडक्रस प्रतिनिधि लगायत एक सय ५० जनाको उपस्थितिमा प्रहरी दिवस कार्यक्रम सम्पन्न भएको थियो ।

सोही अवसरमा अमर प्रहरी परिवारका सदस्यहरुलाई सम्मान, १ नं. प्रदेश प्रहरी कार्यालयबाट प्राप्त बहालवाला एवम् पूर्व प्रहरी कर्मचारीको सन्ततीलाई छात्रवृत्ति प्रदान गरिएको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाद्वारा आयोजना गरिएको विभिन्न खेलकुद प्रतियोगिताहरुमा प्रथम, द्वितीय एवम् तृतीय स्थान हासिल गर्ने प्रहरीहरुलाई पुरस्कार एवम् प्रहरीको काम कारवाहीमा रचनात्मक योगदान गर्नुहुने व्यक्तिलाई कदर-पत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रमका दिवस कै अवसर पारेर जिल्ला रेडक्रस सोसाइटी शाखा, भद्रपुरको सहयोगमा रक्तदान कार्यक्रम समेतको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा ३४ जना प्रहरी अधिकृत एवम् जवानले रक्तदान गरेका थिए ।

# नेपाल राष्ट्रिय बंगाली समाज झापा गठन

**भद्रपुर, असोज २२।** नेपाल राष्ट्रिय बंगाली समाज जिल्ला कार्यसमिति झापा गठन गरिएको छ । नेपाल राष्ट्रिय बंगाली समाज प्रदेश नम्बर १ ले बिर्तामोडमा आयोजना गरेको बंगाली समुदायको आम भेलाबाट रञ्जित चक्रवर्ती (भोला)को अध्यक्षतामा नेपाल राष्ट्रिय बंगाली समाज झापा गठन गरेका हुन् ।

जिल्ला कार्य समितिको उपाध्यक्षहरूमा नगेन साहा, सञ्जय सरकार, जयन्ती मानी, सचिवमा रवीन्द्र घोष (रविन), सहसचिवमा चित्र मोहन बर्मनलाई सर्वसम्मत चयन गरेका छन् । त्यस्तै सदस्यहरूमा गोविन्द साह, विश्वजीत देव, गोविन्द मण्डल, कार्तिक मण्डल, रमेश राजवंशी चयन भएका छन् । कोषाध्यक्ष र अन्य सदस्यहरूलाई जिल्ला कार्यसमितिको बैठकले पूर्णता दिने जनाइएको छ ।

नेपाल राष्ट्रिय बंगाली समाज प्रदेश नम्बर १ का अध्यक्ष सुजितकुमार चेलको अध्यक्षता तथा समाजका केन्द्रीय अध्यक्ष पार्थो सरकारको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा केन्द्रीय उपाध्यक्ष विप्लव घोष, केन्द्रीय सचिव सञ्जय बरुवा, केन्द्रीय सदस्यहरू प्रमोदकुमार चक्रवर्ती, अनुप राय, सुरेन्द्रकुमार कविरथ, निर्मलकुमार मण्डल, कला, संस्कृति तथा साहित्य विभागका संयोजक सन्तोष सरकार, प्रदेश १ का सदस्य विद्यानन्द नन्दी लगायतको उपस्थिति रहेको केन्द्रीय सदस्य पार्थ मण्डलले जानकारी दिए ।

देशभर छरिरहेका रहेका बंगाली समुदायको हकअधिकार सुनिश्चिततासँगै कला, संस्कृति तथा मातृभाषा संरक्षणका लागि केन्द्रीय समितिले अहिले मुलुकभर अभियान थालेको छ । सोही अभियान अन्तरगत जिल्ला तथा स्थानीय तहगत समिति गठन कार्यलाई तीव्रता दिएको छ ।

# मेची युनेस्कोमा खनाल

**कमल, असोज २२।** लोकनाथ खनाललाई आगामी दुई वर्षे कार्यकालका लागि अध्यक्षमा चयन गर्दै मेची युनेस्को क्लवको १६औं वार्षिक साधारणसभा तथा शुभकामना आदान-प्रदन कार्यक्रम सम्पन्न भएको छ ।

समितिको उपाध्यक्षमा फडिन्द्र कार्की सचिव विष्णुप्रकाश निरौला, सहसचिव रञ्जना सवाहाम्फे, कोषाध्यक्ष लक्ष्मी न्यौपाने अधिकारी तथा सदस्यमा कुलप्रसाद आचार्य, डिकबहादुर लिम्बू, भीमप्रसाद पौडेल र सुनिता भट्टराई सर्वसम्मत चयन भएको निर्वाचन समितिका संयोजक उमानाथ ढकालले जानकारी दिए ।

सोही अवसरमा क्लवलाई विशेष सहयोग पुर्याकोमा क्लवका पूर्व अध्यक्ष हिमप्रसाद दाहाललाई सम्मान गरिएको थियो । क्लवका अध्यक्ष भीमचन्द्र न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा उपाध्यक्ष विणु शिवाकोटी, वडा सदस्य चक्र गुरुङ, गैरसहकारी संस्था महासंघ १ प्रदेशका सदस्य उमानाथ ढकाल, शिक्षा शाखा प्रमुख सूर्य न्यौपाने, नवोदय बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष्य शरणकुमार पराजुली, क्वलका पूर्व अध्यक्ष थोमनाथ निरौला, मधुसुधन अधिकारी, एल.बी. पौडेल, रामचन्द्र बराल लगायतले शुभकामना मन्तव्य राख्दै नव निर्वाचित कार्यसमितिलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएका थिए ।

क्लवमा सचिव मदन मिश्रले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष उमानाथ भण्डारीले स्वागत गरेका थिए ।



# संस्कृति झल्काउने रोटे पिङ



**अर्जुनधारा, असोज २२।** दशैं भन्ने बित्तिकै धेरै कुराहरु मध्ये गाउँघरमा लगाइने रोटे पिङ र लिङ्गे पिङको सम्झना आउँछ । तर, पछिल्लो समय आधुनिक पिङहरुप्रति मानिसहरुको आकर्षण बढेसँगै संस्कृति झल्काउने यस किसिमका परम्परागत पिङहरु लोप हुँदै गइरहेको छ ।

यसैबीच संस्कृति झल्काउने परम्परागत पिङहरुको प्रबर्द्धन गर्दै त्यसको संरक्षण गर्ने उद्देश्यले झापाको अर्जुनधारा-१ स्थित सयपत्री युवा क्लबले स्थानीय मंगलबारे बजारको प्राङ्गणमा रोटे पिङ र लिङ्गे पिङ लगाएको छ । क्लबले रणबहादुर बिष्टको संयोजकत्वमा सात सदस्यीय पिङ निर्माण उपसमिति गठन गरी दुबै पिङ लगाएको अध्यक्ष श्रीप्रसाद नेपालले जानकारी दिए ।

वैदेशिक रोजगारीमा लामो समय बसेपछि गाउँ फर्केका स्थानीय पदमबहादुर निरौलाको परिकल्पना अनुसार उक्त पिङ लगाइएको अध्यक्ष नेपालले बताए । 'आधुनिक पिङहरुको विकास पनि परम्परागत पिङहरुलाई नै हेरेर निर्माण गरिएको हुँदा क्लबले यस किसिमका पिङहरु लगाउनु जरुरी थियो ।' परिकल्पनाकार निरौलाले भने ।

स्थानीय हचुमासा सामुदायिक वन उपभोक्ता समूहले उपलब्ध गराएको खयर र सखुवा प्रजातिको काठहरुबाट निर्माण गरिएको रोटे पिङको लागत अनुमानित एक लाख ५० हजार रुपैयाँ रहेको बताइएको छ । निर्माण शुरु भएको एक हप्तामा तयारी भएको उक्त पिङको प्रत्येक पीरा (कोक्रो)मा दुई जना मानिस बस्न मिल्ने गरी चार वटा पीरा राखिएका छन् ।

दशैंको अवसरमा गाउँघरमा आउने स्थानीयहरुसँगै संस्कृति झल्काउने पिङप्रति आकर्षण हुने बाहिर क्षेत्रका मानिसहरुलाई लक्षित गरी क्लबले शुरु गरेको उक्त कार्य सकारात्मक भएको स्थानीय अगुवा सूर्य लोहारले बताए । उक्त रोटे पिङको यही सोमबार फूलपातीका दिन विधिवत् उद्घाटन गरिने कार्यक्रम रहेको बताइएको छ ।

# दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

**सुनसरी, असोज २२।** सुनसरी दुहबी नगरपालिका-३ पेट्रोल पम्प अगाडि कोशी राजमार्गमा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको घटनास्थलमा नै मृत्यु भएको छ।

मृत्यु हुनेमा मोरङ सुन्दरहरैचा नगरपालिका-८ का ४५ बर्षीय लक्ष्मीप्रसाद लुइँटेल रहेका छन्। विराटनरबाट इटहरीतर्फ जाँदै गरेको भारतीय नम्बर प्लेटको NL 02 Q 0134 नम्बरको LP ग्यास बोक्ने ट्रकले सोही दिशा जादै गरेको को १० प २६८१ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा लुइँटेलको घटनास्थलमा नै मृत्यु भएको हो।

ट्रक र ट्रक चालक भारत बिहार बेबसराई बथौली पञ्चायत-७ का ३५ बर्षीय चन्दनकुमार ताती इलाका प्रहरी कार्यालय दुहबीको नियन्त्रणमा रहेको छ। घटनाको बारेमा थप अनुसन्धान भइरहेको प्रदेश १ प्रहरी कार्यालय विराटनगरले जनाएको छ।


## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
**सम्पर्क :**
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७८को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका हाम्रा मान्यजन तथा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनी तथा उपभोक्ताहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सुन्दरबहादुर मगर — व्यवस्थापक
सुचारु गुरुङ — सचिव
विष्णुकुमार लिम्बू — अध्यक्ष

*नोटः कार्यालय सरेको जानकारी गुरुङ होटल पछाडि शान्ति समाज जाने बाटो उत्तर*

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७८को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका हाम्रा मान्यजन तथा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनी तथा उपभोक्ताहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कञ्चन तामाङ — सचिव
चेतन बिष्ट — उपाध्यक्ष
अजयकुमार घिमिरे — अध्यक्ष

**धुलाबारी खानेपानी उपभोक्ता समिति परिवार**, मेनपा-९

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७८को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका हाम्रा मान्यजन तथा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनी तथा उपभोक्ताहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

ध्रुव कनाल — महा-सचिव
मोहन निरौला — वरिष्ठ उपाध्यक्ष
ऋषिराज तिम्सिना — अध्यक्ष

**मेची उद्योग परिवार**, मेनपा-१०, धुलाबारी

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७८को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका हाम्रा मान्यजन तथा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनी तथा उपभोक्ताहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मानष सिटौला : व्यवस्थापक
कमल काफ्ले : अध्यक्ष

**मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
मेनपा-९, धुलाबारी

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७८को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका हाम्रा मान्यजन तथा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनी तथा उपभोक्ताहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**आसमा ट्रेडर्स एन्ड सप्लायर्स परिवार**
बिर्तामोड नपा-२, झापा

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७८को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका हाम्रा मान्यजन तथा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनी तथा उपभोक्ताहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

प्रो. : मेहराव अहमद

**युनिभर्सल बुक्स सेन्टर परिवार**, मेनपा-१०, धुलाबारी


**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा**
**१ नं. प्रदेश नेपाल**

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- कोरोना भाइरस (कोभिड-१९) महामारीको संक्रमण कायमै रहेको हुँदा आउँदै गरेको हिन्दूहरुको महान चाड वडादशैंमा बिर्तामोड नगरपालिका क्षेत्रभित्र रहेका मठ, मन्दिर तथा शक्तिपीठहरुमा हुने धार्मिक तथा सांस्कृतिक पूजा, अर्चना, भेलामा हुने सहभागितालाई कम गर्न र गर्नैपर्ने पूजा विधि न्यूनतम् भक्तजनहरुको उपस्थितिमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गरेर मात्र गर्नुहुन हार्दिक अनुरोध छ।
- नेपाल सरकारद्वारा तोकिएको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्दै बजारमा हुन सक्ने भीडभाडलाई कम गरी किनमेल र व्यापार व्यवसाय सञ्चालन गर्नुहुन सबै व्यवसायी/व्यापारी तथा नागरिकलाई अनुरोध छ।
- विजयादशमीको अवसरमा टीका लगाउने, आशिर्वाद लिने धार्मिक एवम् सांस्कृतिक प्रचलनलाई एकाघरभित्र सीमित राख्ने। टीका ग्रहण गर्दा ज्येष्ठ नागरिक, बिरामी र बालबालिकाहरुलाई विशेष महत्व दिई अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड कायम गर्नुहुन अनुरोध छ।

**गणेशप्रसाद दाहालः प्रमुख प्रशासकीय अधिकृत**


## उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३


**यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो। रोजी फूल थियो झर्‍यो नियतीले, संहार भो नष्ट भो ।।**
**हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ। हामीबाट कसोरी झट्ट अहिले, विदा नमागी गयौ ।।**

# श्रद्धाञ्जलि/कृतज्ञता/निमन्त्रणा

मेरी धर्मपत्नी/हाम्री ममतामयी माता तथा हजुरआमा **टंककुमारी गिरी**को यही मिति २०७८ असोज १२ गते मंगलवारका दिन भएको असामयिक निधनले हामीलाई अत्यन्त दु:खी स्तब्ध र मर्माहत बनाएको छ। दु:खको यस घडीमा गतात्माको बैकुण्ठवास र सायुज्यमुक्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं। शोकको यस पीडादायी क्षणमा हामीप्रति सहानुभूति/समवेदना व्यक्त गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, छरछिमेक, मलामीजन, संघ-संस्था, शैक्षिक संस्था, कुलकुटुम्ब, शुभेच्छुक, बन्धुबान्धवप्रति धन्यवादसहित कृतज्ञता प्रकट गर्दछौं।

साथै यही २०७८ असोज २३ गते (आज) शनिवारका दिन गरिने १२औं दिनको शुद्धि शान्ति कार्यमा उपस्थित भई पितृप्रसाद ग्रहण गरिदिनुहुन सम्पूर्ण आफन्तजन, इष्टमित्र, छरछिमेक, मलामीजन, शुभेच्छुक, शुभचिन्तक, बन्धुबान्धवलाई हार्दिक निमन्त्रणा गर्दछौं।

**श्रीमानः** बलराम गिरी
**दिदी :** नरमाया गिरी

**छोरा-बुहारी**
खड्गराज-शान्ता गिरी
पहलमान-रत्नमाया गिरी,
कुमार- मुना गिरी

**छोरी-ज्वाइँ**
मिना-राजु गिरी
टीका-गंगा गिरी

**नाति-नातिनी बुहारी**
मिलन-लक्ष्मी गिरी
सुस्मिता-राजन पुरी
प्रज्वल, प्रजित पंकज गिरी
नवीना, प्रकाश,

**नातिनी-नातिनीज्वाइँ**
सरस्वती-रमेश, प्रिया,
प्रतीक्षा, प्रकृति गिरी

**पनाति-पनातिनी**
रिसव, समृद्धी, संस्कृति


**एवम् समस्त गिरी परिवार**
**अर्जुनधारा नगरपालिका-६, झापा**



**स्व. टंककुमारी गिरी**

**जन्म**
वि.सं. १९९३ पुस १२ गते भोजपुर

**स्वर्गारोहण**
वि.सं. २०७८ असोज १२ गते
अर्जुनधारा-६, झापा



ज्यो. [redacted] रेजाल
(स्व[redacted]ता)
वैदिक [redacted]मर्श केन्द्र
शनिश्चरे रो[redacted]८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनतले सम्मानित स्थान दिलाउनेछ। मान-सम्मान प्राप्त हुनेछ। सम्पादित कामबाट धन लाभ हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। अध्ययनमा प्रगति हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलामा निखारता आउनेछ। चिताएको काम सम्पादन हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** पहिलेका कमजोरीलाई सुधार्ने मौका छ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्ने छन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** विगतका कमी-कमजोरीलाई सुधार गर्ने मौका छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्न सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** बेलैमा होस नपुग्नाले फाइदा गुम्ने देखिन्छ। करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** काममा हस्तक्षेप गर्नेहरू सक्रिय हुनेछन् भने शुभचिन्तक तथा सहयोगीहरू कमै भेटिने छन्। मुसुक्क हाँस्नेले भुसुक्क पार्न सल्ला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आफ्ना कमजोरीबाट लाभ उठाउनेहरू सक्रिय हुने समय रहेको हुँदा सावधान रहनुहोला। मेहनतको प्रतिफल प्राप्त हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** उठ्नुपर्ने रकम प्राप्त भए पनि खर्च गर्नुपर्ने परिस्थिति आउनाले सञ्चय गर्न नसकिएला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आवश्यकता पर्दा कर्जाको रकम भने प्राप्त हुनेछ। खर्च लागे पनि पछि फाइदा हुने काममा जग बसाउने समय छ।